प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद

# मधेश प्रदेश कार्यालय,जनकपुरधाम, धनुषा

## *सेवा करारमा प्रशिक्षक /कर्मचारी भर्ना गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना*

**प्रकाशित मितिः २०८०।०८।२२ गते**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् मधेश प्रदेश अन्तर्गतका शिक्षालयहरुमा अर्को निर्णय नभए सम्म हाललाई २०८१ आषाढ मसान्त सम्मको लागि तपसिल अनुसारको पदहरुमा प्राविधिक /प्रशिक्षण तर्फ व्यक्ति करारमा लिनुपर्ने भएकोले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन(२०८०।०९।०६ गते) कार्यालय समय भित्र आफ्नो शैक्षिक योग्यताको प्रमाण पत्र, नेपाली नागरिकताको प्रमाण पत्र तथा आफ्नो पेशा व्यवसायको काउन्सिल दर्ता ( नेपाल सरकारले व्यवस्था गरेको भए)को प्रमाण पत्रको प्रमाणित प्रतिलिपी र तोकिएको दस्तुर सहित दरखास्त फारम परिषद् मधेश प्रदेश कार्यालयको ई-मेल ठेगानाःctevtmpoprasasan@gmail.com वा प्रदेश कार्यालयमा स्वंय उपस्थित भई आवेदन दिनहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।साथै ई-मेलवाट दरखास्त फारम तथा सम्बन्धित कागजातहरु पठाएको खण्डमा मोवाईल नं. ९८५४०२११८२ मा सम्पर्क गरी सुनिश्चित गर्नु हुन अनुरोध छ । विस्तृत विवरण( पद, संख्या, न्युनतम शैक्षिक योग्यता, पाठ्यक्रम, परीक्षा प्रणाली, कार्य गर्नुपर्ने कार्यालय, परिक्षा दस्तुर तलब भत्ता तथा अन्य सुविधा आदि) परिषद् मधेश प्रदेश कार्यालयको वेभसाईटःwww.ctevtp2.org.np तथा परिषदको वेभसाईटःwww.ctevt.org.np मा हेर्नु हुन अनुरोध छ ।

**तपसिलः**

| विज्ञापन नं. | पद | श्रेणी | संख्या | न्युनतम शैक्षिक योग्यता | काम गर्नुपर्ने शिक्षालय |
|---|---|---|---|---|---|
| ०१-२०८०/०८१ | सहायक लेक्चरर फिजिक्स | अधिकृत स्तर, तृत्तीय प्रा. | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट भौतिक शास्त्र विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण | निर्मल लामा बहुप्राविधिक शिक्षालय, बर्दिवास-११, महोत्तरी |
| ०२-२०८०/०८१ | सहायक लेक्चरर केमेष्ट्री | अधिकृत स्तर, तृत्तीय प्रा. | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट रसायन शास्त्र विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण | |
| ०३-२०८०/०८१ | फार्मेसी प्रशिक्षक | अधिकृत स्तर, तृत्तीय प्रा. | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट फार्मेसी विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण | |
| ०४-२०८०/०८१ | जियोमेटिक्स प्रशिक्षक | अधिकृत स्तर, तृत्तीय प्रा. | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट जियोमेटिक्स विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण | |
| ०५-२०८०/०८१ | फुड एण्ड डेरी प्रशिक्षक | अधिकृत स्तर, तृत्तीय प्रा. | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट फुड एण्ड डेरी विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण | |

| | | | | | |
|---|---|---|---|---|---|
| ०६-२०८०/०८१ | मिडवाईफरी प्रशिक्षक | अधिकृत स्तर, तृत्तीय प्रा. | २ | मान्यता प्राप्त शिक्षण संस्थाबाट मिडवाईफरी विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण | गौर बहुप्राविधिक शिक्षालय, गौर, रौतहट |
| ०७-२०८०/०८१ | विद्युत प्रशिक्षक | अधिकृत स्तर, तृत्तीय प्रा. | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट ईलेक्ट्रिकल ईन्जिनियरिङ्ग विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण | प्रसौनी बहुप्राविधिक शिक्षालय, प्रसौनी, बारा |
| ०८-२०८०/०८१ | सहायक लेक्चरर फिजिक्स | अधिकृत स्तर, तृत्तीय प्रा. | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट भौतिक शास्त्र विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण | सन्त अल्पमाई रामनारायण यादव बहुप्राविधिक शिक्षालय, मलंगवा, सर्लाही |
| ०९-२०८०/०८१ | सहायक लेक्चरर केमेष्ट्री | अधिकृत स्तर, तृत्तीय प्रा. | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट रसायन शास्त्र विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण | वि.पी. स्मृति बहुप्राविधिक शिक्षालय, सपही, धनुषा |
| १०-२०८०/०८१ | निर्माण प्रशिक्षक | अधिकृत स्तर, तृत्तीय प्रा. | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल ईन्जिनियरिङ्ग विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण | बलरा बहुप्राविधिक शिक्षालय, बलरा-४, सर्लाही |
| ११-२०८०/०८१ | निर्माण सहायक प्रशिक्षक | सहायक स्तर, प्रथम प्रा. | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल ईन्जिनियरिङ्ग विषयमा प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण वा सीप परीक्षण तह-३ उत्तीर्ण | |
| १२-२०८०/०८१ | सूचना प्रविधि सहायक प्रशिक्षक | सहायक स्तर, प्रथम प्रा. | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सूचना प्रविधि वा कम्प्युटर ईन्जिनियरिङ्ग विषयमा प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण | जय किसान बहुप्राविधिक शिक्षालय,धरहरी, रौतहट |
| १३-२०८०/०८१ | निर्माण सहायक प्रशिक्षक | सहायक स्तर, प्रथम प्रा. | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल ईन्जिनियरिङ्ग विषयमा प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण वा सीप परीक्षण तह-३ उत्तीर्ण | |
| १४-२०८०/०८१ | सूचना प्रविधि सहायक | सहायक स्तर, प्रथम प्रा. | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सूचना प्रविधि वा कम्प्युटर ईन्जिनियरिङ्ग विषयमा प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण | प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, मधेश प्रदेश कार्यालय, जनकपुरधाम, धनुषा |

**१.उमेर हदः**

-अधिकृत स्तर, तृत्तीय श्रेणीको पदको लागि २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको

-सहायक स्तर प्रथम तथा द्धितीयको लागि १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको

-तर महिला र अपाङ्ग उम्मेदवारको हकमा ४० वर्ष ननाघेको

-उमेर भन्नाले कुनै पदको निमित्त दरखास्त दिने अन्तिम मितिमा पुरा हुने उमेर सम्झनु पर्दछ ।

२. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रतिलिपी स्वयंद्धारा प्रमाणित गरी अनिवार्य पेश गर्नुपर्नेछ । दरखास्त साथ पेश नभएको समकक्षता मान्य हुने छैन ।

३. प्राविधिक तथा प्रशिक्षण सेवा अन्तर्गत प्राविधिक पदमा दरखास्त दिने उम्मेदवारले पेशा व्यवसायको काम गर्न नेपाल मेडिकल काउन्सिल, नेपाल नर्सिङ्ग परिषद, नेपाल ईन्जिनियरिङ्ग परिषद लगायत पेशागत संगठनहरुमा दर्ता हुनुपर्ने प्रावधान रहेकोमा सम्बन्धित व्यावसायिक संगठनहरुमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि वा काउन्सिलमा दर्ता प्रक्रियामा रहेको कागजातको प्रतिलिपी अनिवार्य रुपमा पेस गर्नुपर्ने छ ।

**४. तलब भत्ता र सुविधाः** परिषदको कर्मचारी सेवा शर्त तथा सुविधा सम्बन्धी विनियमावली, २०६९,(संशोधन सहित) बमोजिम हुनेछ ।

**५. कार्य गर्नुपर्ने स्थानः** परिषद् मधेश प्रदेश कार्यालयवाट तोकिएका आँगिक शिक्षालयहरुमा

६. सूचनामा उल्लेखित म्याद भित्र परीक्षा दस्तुर दाखिला नभएको, न्युनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा रित नपुगेको दरखस्त स्विकृत गरिने छैन । त्यस्तो फारम दर्ता भएको भए पनि जुनसुकै बेला रद्द हुनेछ ।

७. परिषदको वेभसाईट **www.ctevt.org.np** लगईन गरी **CAREER** वाट पाठ्यक्रम डाउनलोड गर्न सकिन्छ ।

८. दरखास्त दस्तुरः परिषद् मधेश प्रदेश कार्यालयको राष्ट्रिय बाणिज्य बैंक, पिडारी चौक, जनकपुरधाममा रहेको **चल्ती खाता नं. १५२०१००००२६३९००१** मा तल उल्लेखित श्रेणी अनुसारको परीक्षा दस्तुर बुझाई सोको सक्कल भौचर स्क्यान गरी संलग्न गर्नुपर्ने छ । साथै रकम जम्मा गर्दा दरखास्त दिने निवेदकको नाम, थर अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ ।

अधिकृत स्तर तृत्तीय श्रेणीको लागि रु. १०००।००

सहायक स्तर प्रथम श्रेणीको लागि रु. ४००।००

सहायक स्तर द्वित्तीय श्रेणीको लागि रु.३००।००

**९. परीक्षाको किसिम तथा अंकभारः** सेवा सम्बन्धि वस्तुगत बहुउत्तर लिखित परीक्षामा प्रश्न संख्या ५० र प्रति प्रश्न अङ्कभार २ हुनेछ । कुल पूर्णाङ्क १०० र उत्तीर्णाङ्क ४० हुनेछ ।सूचना प्रविधि सहायक प्रशिक्षक / सूचना प्रविधि सहायकको हकमा प्रयोगात्मक परीक्षा समेत हुनेछ । लिखित परीक्षामा उत्तीर्ण भएका उम्मेदवारलाई मात्र अन्तर्वार्ता तथा प्रयोगात्मक परीक्षामा समावेश गराईनेछ ।

१०. यस सूचनामा उल्लेख नभएका विषयहरुको हकमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद कर्मचारी सेवा शर्त तथा सुविधा सम्बन्धी विनियमावली २०६९(छैठौं संशोधन सहित) र नेपालको प्रचलित कानुन बमोजिम हुनेछ ।

११. उपरोक्त बमोजिमका समान पदहरुको लिखित परीक्षा एकै दिन एकै समयमा परिषद् मधेश प्रदेश कार्यालयले तोकेको परीक्षा केन्द्रमा संचालन हुनेछ । कुनै उम्मेदवारले कुनै एक शिक्षालयको लागि मात्र फारम भर्न पाउने छ ।

१२. फारम **www.ctevtp2.org.np** वाट डाउनलोड गर्न सकिने छ वा परिषद् मधेश प्रदेश कार्यालयवाट प्राप्त गर्न सकिने छ ।

१३. दरखास्त फारम बुझाउने स्थानः परिषद् मधेश प्रदेश कार्यालय, जनकपुर-४, माछा बजार, बसहिया रोड, धनुषा ।

१४. परीक्षा मितिः परिषद् मधेश प्रदेश कार्यालयको वेभसाईटमा पछी प्रकाशन गरिने छ ।

१५. थप जानकारीको लागि **९८५४०२११८२** वा **९८५४०६०६३६** मा सम्पर्क गर्न सकिने छ ।

**अध्यक्ष**

**सेवा करारमा व्यक्ति छनोट उपसमिति**